Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति २०७४ असार २६,

ललितपुर, नेपाल

# महिलामाथि भएको हिंसाको मासिक प्रतिवेदन सेप्टेम्बर २०१७

## पृष्ठभूमि

अक्टोबर ११ विश्वभर छैठौं अन्तराष्ट्रिय बालिका दिवस विभिन्न कार्यक्रमहरुको आयोजना सहित मनाईएको छ । सन् २०१२ देखि लैगिंक असमानताका कारण बालिका तथा किशोरीहरुले सामाना गर्नुपरेको सवालहरुको उठान गर्दै बालिकाहरुको संरक्षण, उनीहरुको अधिकारमा पहुँच सुनिश्चिता र सर्वाङ्गिण विकासको माग सहित यो दिवस विश्वभर मनाउन थालिएको हो । नेपालको संविधानको धारा (३९) बालबालिकाको हक अन्तर्गत बालबालिकाको पहिचान सहित नामाकरण, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक, कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन, सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्नबाट रोक लगाई बालअधिकार सुनिश्चित गरेको छ ।

## बालिका माथि हुने हिंसाको अवस्था

ओरेक नेपालले अभिलेखिकरण गरेका तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरुमा प्रकाशित महिला हिंसा सम्बन्धित घटनाहरुका आधारमा यस सेप्टेम्बर महिनामा जम्मा ७८ जना महिलाहरुमाथि विभिन्न किसिमले हिंसा भएको पाईएको छ । जसमध्ये २१ जना १८ वर्ष मुनिका बालिकाहरु रहेका छन् । हिंसा प्रभावित बालिकाहरु मध्ये ५८ प्रतिशत बालिकामाथि यौन हिंसा, २१ प्रतिशत मानसिक हिंसा, १३ प्रतिशत शारीरिक हिंसा र ८ प्रतिशत बेचविखनको प्रयासबाट हिंसा भएको पाइएको छ ।




यसैगरी, ओरेक नेपालको अभिलेखिकरणका आधारमा गएको छ महिना (मार्च देखि अगष्ट) मा ५९२ जना हिंसा प्रभावितहरुमध्ये १२२ जना १८ बर्ष मुनिका बालिकाहरु विभिन्न किसिमका हिंसाबाट प्रभावित भएको पाईएको छ । हिंसा प्रभावित बालिकाहरु मध्ये ६४ प्रतिशत यौन हिंसाबाट प्रभावित छन् भने, १७ प्रतिशत

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

मानसिक हिंसा, १३ प्रतिशत शारीरिक हिंसा, २ प्रतिशत हत्या, २ प्रतिशत बालविवाह, १ प्रतिशत बेपत्ता पारिएको र १ प्रतिशतको एसिड आक्रमणको कारणले हिंसा भएको पाइएको छ । घटनामा संलग्न पीडकहरुमध्ये ५३ प्रतिशत छिमेकी, १३ प्रतिशत परिवारका सदस्य र १८ प्रतिशत अपरिचित व्यक्तिहरु रहेका छन् । यसले के देखाउँछ भने बालिकाहरु घर भित्र होस् या बाहिर जुन सुकै ठाउँमा पनि असुरक्षित छन् ।




यसै गरी सेपटेम्बर महिनामा मात्रै अभिलेखीकरण भएका जम्मा ७८ वटा महिला हिंसाका घटनाहरु मध्ये ३४ महिलाहरु शारीरिक हिंसा, ९ जना महिलाहरु बहुविवाह र ४ धम्कीको कारणले मानसिक हिंसा सहन बाध्य भएका छन् । यसैगरी १७ जनामाथि बलात्कार र ३ जनामाथि बलात्कारको प्रयास भएको छ । यस्तै ३ महिलालाई यौन दुर्व्यवहार भएको घटना दर्ता भएको छ । यसै सेप्टेम्बरमा मात्रै ४ महिलाहरुको हत्या भएको छ भने २ जनामाथि बेचबिखनको प्रयास र २ जनालाई बोक्सीको आरोप तथा दाइजोको कारणले माहिलाहरुमाथि शारीरिक हिंसा भएको पाइएको छ ।

उच्च बालविवाह हुने देशहरुमध्ये एशिया मै नेपाल तेस्रो स्थानमा रहेको छ । नेपालमा ३७ प्रतिशत बालिकाहरुको १८ वर्ष मुनिको उमेरमा विवाह हुने गरेको छ भने १० प्रतिशत बालिकाहरुको १५ वर्ष मुनि विवाह हुने गरेको छ । महान्याधीवक्ताको कार्यालयद्धारा प्रकाशित वार्षिक प्रतिवेदन २०७१ का अनुसार मानव बेचिबिखनबाट प्रभावितहरुमध्ये २४ प्रतिशत १६ वर्ष मुनिका, ४१ प्रतिशत ६ देखि १८ वर्ष उमेर समुहका र २४ प्रतिशत १८ वर्ष माथिका रहेका छन् । यसले पनि नेपालमा बालिकाहरुको अवस्था कस्तो छ भन्ने स्पष्ट रुपमा देखाउँछ ।

बालिका माथि हुने हिंसा न्यूनीकरणका लागि घर, समुदाय, नागरिक समाज तथा सबैभन्दा बढी राज्य नै जिम्मेबार हुनुपर्ने देखिन्छ । राज्यले बालिकाहरुको अधिकार संरक्षण र हिंसा बिरुद्ध निर्माण गरेका कानुनहरुलाई प्रभावकारी रुपमा कार्यान्वय गर्न सकेमात्र बालिकामाथि हुने हिंसाको अन्त्य सम्भव छ ।



अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक